लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय

☎/📠 कार्यालय :०७७-४२०७७३
☎ कार्यालय प्रमुख :९८५७०६३६६१
☎ सुचना अधिकारी :९८५७०८३६१२

# वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अर्धाखाँची

पत्र संख्या: २०८२/०८३ (योजना)
च.नं. :

मिति : २०८२/१२/२०

## विषय : काठ/दाउरा लिलाम बिकि सम्बन्धि सूचना ।

नारायणदेव भट्टराई
डिभिजनल वन अधिकृत

यस डिभिजन वन कार्यालय अर्न्तगतको क्षेत्रबाट बिना इजाजत वन पैदावार कटान मुछान तथा ओसारपसार मुद्धाम बिभिन्न मितिमा बरामद भई बिभिन्न स्थानमा घाटगद्धि रहेका तपसिलको जात, थान र परिमाणको काठ जहाँ जे जस्त अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्र प्रकियाबाट (बढावढ गराई) लिला बिकि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठको कारोबार गर्न ईजाजत प्राप्त ईच्छुक ब्यक्ति, संघ संस्था फर्म वा कम्पनीले यो सूचना नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशन भएको मिति २०८२/१२/२ मा प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्रमा खरीद गरी २२ औं दिनमा दिनको २:०० बजे सम्ममा देहायक शर्तको अधिनमा रही बोलपत्र खरीद गरेको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपसिल :

| सि.नं | सब डिभिजन | लट नं. | जात | थान | ग्रेड | परिमाण (क्यू.फि.मा) | न्यूनतम मोल | संकलन खर्च रु. | घाटगद्धि स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिभिन्न सब डि.ब. का क्षेत्रमा मुद्धामा बरामद भएको | १/०८२-०८३ | खयर | ९६ | - | ७६.३४२ | ७६३४२ | २४२९८९ | शितगंगा न.पा.१२, डोहोटे तथा स.न.पा. ४, देउराली | |
| | | | खोटे सल्ला | ७ | A | ३५.४८ | ८८७० | | | |
| | | | | २८० | B | ११६२.२० | १७४३३० | | | |
| | | | साल | १८ | B | २५.३८ | ३१७२८ | | | |
| | | | कूल जम्मा | ४०१ | | १२९९.४० | २९१२७० | | | |

**शर्तहरु :**

१) नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन भएको मिति २०८२/१२/२० गते शुक्रबारले २ (एक्काईस) दिन भित्रमा यस कार्यालय र प्रदेश वन निर्देशनालयबाट कार्यालय समय भित्र तोकिएको मूल्य (फिर्ता नहु गरी) तिरी बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरीद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनी का प्रोप्राईटरले बोलप खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, सुचिकृतक प्रमाणपत्रको प्रतिलिपी र काठ/दाउराको कारोवार गर्न ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

२) खरीद गरिएका बोलपत्रहरु रितपुर्वक भरी सिलबन्दी गरेर मिति २०८३/०१/११ गते दिनको २:०० बजेभित्र बोलप खरीद गरेको कार्यालयमा दाखिला गर्न सकिने छ । बोलपत्र बिकि गर्ने, दाखिला गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिनम बिदा परेमा सो को भोलिपल्ट बिकि, दाखिला र खोल्ने कार्य हुनेछ ।

३) जुन फर्मको नाममा बिकि भएको बोलपत्र फाराम हो, सोही फर्मको तर्फबाट दाखिला गर्नुपर्ने छ ।

☎/☏ कार्यालय :०७७-४२०७७३
☎ कार्यालय प्रमुख :९८५७०६३६६१
☎ सुचना अधिकारी :९८५७०८३६१२

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, अर्घाखाँची
सन्धिखर्क

नारायणदेव भट्टराई
सिनियर डिभिजनल वन अधिकृत

४) बोलपत्रको साथमा कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम, प्रदेश लेखा नियन्त्रण ईकाई कार्यालयको नामम राष्ट्रिय बाणिज्य बैंक, अर्घाखाँचीमा रहेको एकल धरौटी खाता हि.नं. ३०५०१००२०२०३००००, कार्यालय को नं.३२९०१५१०१५ मा जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्ने छ ।

५) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६) पेश भएका बोलपत्रहरु सबै नै संकलन भइसकेको भोलीपल्ट (सो दिन बिदा परेमा सो को भोलिपल्ट) प्रतिनिधीहरुक रोहवरमा यस कार्यालयमा खोलिने छ ।

७) बोलपत्र सदर भएको फर्मले संघीय वन नियमावली, २०७९ को नियम २५ (५) बमोजिम बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ४५ दिनभित्र रकम दाखिला गरी काठ उठाई लैजानुपर्ने छ । काठको संकलन खर्चको हकमा स्वीकृत जिल्ला दररेट अनुसार हुनेछ ।

८) म्याद नाघी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

९) बोलपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङ्घन् भएमा बोलपत्र अमान्य हुने छ ।

१०) बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहने छ ।

११) उपर्युक्त सूचना सम्वन्धमा कुनैकुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्ने छ ।

१२) अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिक्रि कार्यबिधि निर्देशिका अनुसार हुने छ साथै धरौटी रकम फिर्ता लिन २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र अनिवार्य रुपले गर्नुपर्ने छ ।

ईतिसम्वत् २०८२ साल चैत्र २० गते रोज ६ मा शुभम् ।